श्री

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नरनाथ गिरी**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ८८

पुनरावेदन नं. : ०७५-RB-०३६४

पुनरावेदन दर्ता मिति २०७६।०२।१३

**मुद्दाः आयकर(२०६८/०६९)**

जिल्ला ललितपुर ल.पु.म.न.पा. वडा नं ५ जाउलाखेल स्थित स्थायी लेखा नं.३०३६६८५५९ का प्रतिक फार्मेसी प्रा.लि. ................................१ } पुनरावेदक

**विरूद्ध**

आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौं......................................१ }
आन्तरिक राजस्व कार्यालय, ललितपुर..................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री चण्डी प्रसाद घिमिरे

शुरु कर्यालयको निर्णय मितिः–२०७३/०६/३०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/११/२८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री भूमिनन्द चुडाल

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

आन्तरिक राजस्व कार्यालय, ललितपुर समेतको मिति २०७३।०६।३० को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

मुद्दाको तथ्य

१. करदाताले आर्थिक वर्ष २०६८।०६९ को लागी आयकर ऐन २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी करयोग्य आय रु.५०,६७८।०१ देखाई सोही ऐनको दफा ९६ अनुसार आन्तरिक राजस्व कार्यालय, ललितपुरमा मिति २०६९।०९।२७ मा पेश भएको आय विवरण ।

२. उक्त आ.ब.का लागि करदाताबाट पेश हुन आएको आय विवरण साथ संलग्न कागजातहरु, फाँटवारी तथा प्रमाणहरुको अध्ययन छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट कट्टी गर्न नपाईने खर्च दावी भएको देखिएकोले आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरिएकोले सोही ऐनको दफा १०१ (६) बमोजिम संशोधित कर निर्धारण गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै कारण भए १५ दिन भित्र पेश गर्न आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट करदाताका नाममा मिति २०७३/६/१० सूचना जारी भएको ।

३. आन्तरिका राजस्व कार्यालय ललितपुरबाट मिति २०७३/६/१० मा जारी भएको सूचना करदाताले मिति २०७३/६/१४ मा बुझिलिएकोमा सो को जवाफ ऐनका म्यादभित्र पेश गरेको पाइएन ।

४. कारदाताले ऐनले तोकेको म्याद भित्र जवाफ तथा कुनै कागजात पेश गरेको नदेखिंदा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय रु. ३७,९५,९२१।९५ (सैतिस लाख पन्चानब्बे हजार नौ सय एक्काइस रुपैया पन्चानब्बे पैसा मात्र) कायम गरी सो मा कर निर्धारण गर्ने र सोही ऐनको दफा ११७,११८, ११९ र १२०(क)बमोजिम व्याज र शुल्क समेत गणना गर्ने भन्ने समेत आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७३/६/३० मा भएको संसोधित कर निर्धारण निर्णय ।

५. आन्तरिक राजस्व कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/०६/३० मा गरेको आ.व. २०६८/०६९ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी प्रतिक फार्मेसी प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/१०/२१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. आन्तरिक राजस्व कार्यालयबाट भएको संशोधित कर निर्धारण सम्बन्धि निर्णय कानून सम्मत भएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत आन्तरिक राजस्व विभागबाट मिति २०७५/११/२८ मा भएको निर्णय ।

७. आन्तरिक राजस्व कार्यालयले १५ दिनभित्र कर निर्धारण गर्नु नपर्ने कारण र कागज पे गर्न सूचना जारी गरेकोमा उक्त सूचना मिति पेश गर्नु भनेर पठाएको लिखित सूचना मिति २०७३/६/१० मा बुझी म्यादै भित्र २०७३/६/२८ मा आधार कारण प्रमाण र आफ्नो कारोबार बिवरण सहित जवाफ पेश गरेको, म्याद नाघेका मौज्दातका औषधी फिर्ता फिर्ता गरेको भनी वास्तविकता उल्लेख गरी सकेकोमा म्याद भित्र जवाफ पेश नगरेको भनी हचुवाका भरमा निर्णय भएको छ । विभिन्न पार्टीले गरेको कारोबार हिसाब मिलान नभएको, म्याद नाघेको औषधी फिर्ता भएको, विभिन्न पार्टीले गरेको कारोबार हिसाब यस फर्ममा समाबेश भएको, अन्य पार्टीले हिसाब दुरुस्त नगरेका कारण कर निर्धारणमा फरक परेको कुरा खुलाई निवेदन दिएकोमा सुनुवाई नै नगरीकन मिति २०७३/६/३० मा शुरु आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण निर्णय भएको र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत पुनरावेदक प्रतिक फार्मेसी प्रा.लि.का तर्फबाट मिति २०७६/२/१३ मा यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौज्दारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजानार्थ प्रत्यार्थी झिकाउने गरी मिति २०७६।०६।०८ यस न्यायाधिरकरणबाट भएको आदेश ।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पक्षबाट उपस्थित विद्धान अधिवक्ता श्री भुमिनन्द चुडालले शुरुले संशोधित कर निर्धारण गर्नु नपर्ने कुनै कारण र प्रमाण भए पन्ध्र दिन भित्र पेश गर्नु भनी पुनरावेदक फर्मलाई दिएको सूचनाको म्याद भित्र जवाफ पेश गरेको अवस्थामा जवाफ पेश नगरेको भनी म्याद नाघी फिर्ता गरेका औषधीहरुको हिसाब नघटाई आय कायम गरी कर निर्धारण गरेको शुरुको निर्णय र सोहि निर्णयलाई सदर गरेको आन्तरिक राजस्व विभागको निर्णय बदर हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

१०. त्यस्तै प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान उपन्यायधिवक्ता श्री शम्भु कुमार बस्नेतले कर तिर्नु पर्ने होइन भन्ने करदाताले सो कुरा प्रमाणित गर्नु पर्ने हुन्छ । खरिद विक्री कारोबारमा Mismatch देखिएकोमा करदाताले उक्त Mismatch मा आफ्नो कारोबार बिवरण सहि भएको पुष्टी गर्न नसकी करको दायित्व घटाएको देखिँदा शुरु कार्यालयले गरेको कर निर्धारण सम्बन्धी निर्णय कानूनसम्मत भएकोले सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नु भयो ।

११. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस सुनी, पुनरावेदनपत्र सहितका मिसिल संलग्न फायल कागजात हेरी शुरुको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकीर पुग्न सक्ने हो होईन ? भनी निर्णय दिनु पर्ने देखिन आयो ।

१२. शुरु आन्तरिक राजस्व कार्यालयबाट जारी भएको सूचनाको जावाफ समयमानै दिएको, उक्त जवाफमा मौज्दातमा रहेका म्याद नाघेका औषधी फिर्ता गरेको भनी कारोबारको विवरण तथा

प्रमाण पेश गरेको, यस फर्मबाट कुनै अनियमितताको कार्य नगरेको, विभिन्न पार्टीहरु बिचको हिसाब मिलान नभएको, अन्य पार्टीको कारोबार यस फर्ममा समावेश भएको कारण बढी कर निर्धारण भएको हुँदा शुरु आन्तरिक राजस्व कार्यालयको मिति २०७३/६/३० को निर्णय र सो निर्णयलाई सदर गरेको मिति २०७५/११/३० को आन्तरिक राजस्व विभागको प्रसाशकिय पुनरावलोकनको निर्णय बदर गरी पाउँ भनी पुनरावेदन जिकिर लिएको पाइयो ।

१३. शुरु आन्तरिक राजस्व कार्यालय ललितपुररबाट आयकर ऐन २०५८ को दफा १०१(६) अनुसार यि पुनरावेदकलाई लिएको सूचनामा आयमा समावेश गर्नु पर्ने रकम भनी डि.के. मेडिसेल्सलाई रु१०,६२,७८९/- विक्री देखाएकोमा सो कारोबारलाई खरिद तर्फ नदेखाएको हुँदा यसै आ.ब.को कुल मुनाफा ११.७३ को आधारमा सो खरिदमा रु१,२४,६६५/- मुनाफा लिई विक्री गरेको मानी उक्त मुनाफा आयमा  समावेश गर्ने, डि.के. मेडिसेल्सले गरेको भुक्तानी प्राप्त गर्न बाँकी रु.९,१०,४४७/- देखाएकोमा सो कारोबारलाई Creditor तर्फ नदेखाएको र कर परिक्षणकोमा सो दायित्व बहन गर्नु नपर्ने कुनै कागज प्रमाण पेश नगरेकोले उक्त रकमलाई निसर्ग मानी आयमा समावेश गर्ने, फर्मेड प्रा.लि.बाट भुक्तानी गर्न बाँकी रु.७,२९,८६९/- देखाएकोमा सो कारोबारलाई Creditor तर्फ नदेखाएको र कर परिक्षणका बखत सो दायित्व बहन गर्नु नपर्ने कुनै कागज प्रमाण पेश नगरेको हुँदा उक्त रकम निसर्ग मानी आयमा समावेश गर्ने, वासलातमा व्यापारिक मौज्दात नरहेको विवरण पेश गरेको तर Cost Of Service तर्फ रु.१,२५,४४,१९८/- मौज्दात देखाएकोमा सो मौज्दातको विवरण पेश गर्न नसकेको कारण उक्त मौज्दातलाई यसै आ.ब.को कुल मुनाफा ११.७३% को आधारमा मुनाफा रकम रु१४७२१८७/- आयमा आय समावेश गर्ने, फर्मेड प्रा.लि.ले यि करदातालाई रु.६८,५५,११४/०६ बराबर विक्री देखाएकोमा सो फर्मले रु.७३,६३,१९०/- बराबर खरिद देखाइ बढी देखाएको खरिद रु.५,०८,०७५/९४ लाई पुष्ट्याइ गर्ने विल बिजक पेश गर्न नसकेकोले बढी खरिद लेखाई लागत खर्च दावी गरेको रकम खर्च दिन नमिल्ने भनी आयमा समावेश गरी जम्मा करयोग्य आय रु.३७,९५,९२१/९५ कायम गरी संशोधित कर निर्धारण गर्ने र कारोबारको विवरण दुरुस्त प्रविष्ट नगरेको कारण रु.५,०००/- शुल्क लगाउने भनी सो बमोजिम गर्नु  नपर्ने कुनै ठोस प्रमाण भए १५ दिन भित्र पेश गर्न भनी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७३/६/१० मा सूचना जारी गरेकोमा उक्त सुचना करदाताले मिति २०७३/६/१४ मा बुझीलिई म्याद भित्र कुने जवाफ/ प्रमाण पेश गरेको देखिएन ।

१४. यसरी शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरले संशोधित कर निर्धारण निर्णय गर्नुपुर्व यि करदातालाई कर निर्धारण गर्नु नपर्ने कुनै आधार कारण र प्रमाण भए पेश गर्न भनी जारी गरेको सूचना यि करदाताले बुझीलिई म्याद भित्र  कुनै जवाफ र कागज प्रमाण पेश गरेको शुरु मिसिल समेतबाट देखिएन । संशोधित कर निर्धारण हुनु नपर्ने भनी जवाफ र विवरण पेश गरेको भन्ने पुनरावेदन जिकिर लिए पनि सो को बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको पाइएन । यी यस कारणले कर निर्धारण हुनु नपर्ने हो भनी जिकिर लिने पुनरावेदकमाथी सो कुराको

प्रमाण पुर्याउनु पर्ने भार रहने हुन्छ । शुरु कर निर्धारण हुने कार्यालयमा यो यस आधार कारणबाट कर निर्धारण हुनु नपर्ने हो भनी जवाफ/ प्रमाण पेश गरेको भए सो सम्बन्धमा सुनुवाई नगर्नु पर्ने कुनै आधार र कारण देखिदैन । यसरी शुरु आन्तरिक राजस्व कार्यालयमा नै जवाफ / प्रमाण पेश नगरी बसेकोले संशोधित कर निर्धारणका क्रममा दिएको सूचनामा उल्लिखित आधार कारणहरुलाई जवाफ, बिल भरपाई कागज प्रमाणद्धारा खण्डित गर्न पुनरावेदक करदाताले नसकेको देखिँदा शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिन आएन ।

१५. अतः उपरोक्त उल्लेखित आधार कारणबाट स्थायी लेखा नं. ३०३६६८५५९ भएका पुनरावेदक करदाता प्रतिक फार्मेसीको आ.ब.२०६८/०६९ को आयकर निर्धारणको सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७३/६/३० मा भएको निर्णय र सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५/११/२८ को निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसील बमोजिम गर्नु ।

## तपसील

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू.......................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू....................................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.........................................३

नरनाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्ने-

शाखा अधिकृतः श्री विश्वराज कुइकेल

इतिसम्बत २०७६ साल पुस २८ गतेरोज २ शुभम......